# रंगेली नगरपालिका

**Rangeli Municipality**

# नगर कार्यपालिकाको कार्यालय

**Office Of Municipal Executive**

रंगेली, मोरङ / Rangeli, Morang

कोशी प्रदेश, नेपाल / Koshi Province, Nepal


आ.व. (F.Y.) : २०८१/०८२

च.नं. (Ref. No.) :

## गिट्टी, बालुवा, भरौट उत्खनन गरी बिक्री गर्ने कार्यको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मिति २०८१/०६/१४**

यस रंगेली नगरपालिका क्षेत्र भित्र बग्ने निम्न खोलाहरुबाट गिट्टी, बालुवा र भरौट संकलन तथा उत्खनन गरी विक्रि गर्न तपशिल बमोजिम उल्लेखित न्यूनतम अंकमा नघटने गरि आ.व. ०८१/०८२ को लागि सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरु वा सप्लायर्स वा फर्महरु वा व्यक्तिबाट निम्न शर्तहरुको अधिनमा रही सामाग्री बिक्रि गर्ने कार्यको लागि रीतपूर्वक शिलबन्दी बोलपत्र आहवानको सूचना प्रकाशित गरिएको छ।

१) बोलपत्र फारम खरिद गर्न इच्छुक व्यवसायीहरु वा सप्लायर्स सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०८१/०८२ को नविकरण तथा चालु आ.व. को लागि मान्यता प्राप्त भएको फर्म वा सप्लायर्सको प्रमाणपत्र, व्यवसाय ईजाजतपत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाण पत्र (भ्याट) को विवरण पेश गरेका कागजात सहित पेश गर्नुपर्ने छ। साथै व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र स्थायी लेखा दर्ता नं. को प्रतिलिपि सहितको निवेदन पेश गर्नुपर्ने छ।

२) बोलपत्र फाराम दस्तुर निम्नानुसार (फिर्ता नहुने गरी) नगद यस कार्यालयको नेपाल कृषि विकास बैंक शाखा रंगेलीमा रहेको रंगेली नगरपालिकाको राजश्व खाता नं. ग (१.१) ०६०१४०११५०२५७०११ मा जम्मा गरि जम्मा गरेको बैंक भौचर यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फारम खरिद गर्न सकिनेछ।

३) खरिद गरिएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिउँसो १२.०० बजे भित्र नगरपालिकाको कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., बोलपत्र वालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई अनिवार्य रुपमा खामबन्दी गरी यस कार्यालयमा दर्ता गराउन सकिने छ।

४) दर्ता भएका शिलबन्दी बोलपत्रहरु नियमानुसार कार्यालयका प्रतिनिधिहरुको रोहवरमा सोही दिन दिनको २.०० बजे खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) शिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने काम हुनेछ।

६) बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा बोलपत्र फारममा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनुवार्य रुपमा पेश गर्नुपर्ने छ।

७) बोलपत्र फारम पेश गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। साथै केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ।

८) शिलबन्दी बोलपत्र साथ जमानत वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको कृषि विकास बैंक शाखा रंगेलीमा रहेको रंगेली नगरपालिकाको ग (३.१) धरौटी खाता नं. ०६०१४०११५०२५७०७९ मा जम्मा गरि जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (खोलिने दिन देखि) जमानी पत्र समावेश भएको हुनु पर्नेछ।

९) ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ठ बुझाएमा प्रचलित कानून बमोजिम औचित्य हेरी १० (दश) प्रतिशत सम्म छुट दिन सकिनेछ। एकमुष्ठ रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिनेछ। पहिलो किस्ता रकम ठेक्का अंकको ५० प्रतिशत र अन्य दुई किस्ता २५ प्रतिशत / २५ प्रतिशतमा विभाजन गरिने छ। पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ र दोस्रो र अन्तिम किस्ता बराबरको बैंक ग्यारेन्टी कार्यालयमा बुझाउनु पर्नेछ।

१०) निर्माण सामग्री निकाल्दा स्वीकृत IEE Report अनुसार निकाल्नु पर्नेछ। तोकिए बमोजिम पुलमा, संरक्षण क्षेत्र, राजमार्ग, बाटो आदिबाट ५००/५०० मि. दायाँ बायाँ बाहिरबाट र खोलाको किनारको दुवै पट्टि १५/१५ मि. किनारा छाडी निकाल्नु पर्नेछ।

११) विदेशी मित्र राष्ट्रबाट सोझै संचालन हुने आयोजनाका निमित प्रयोग हुने गिट्टी, बालुवा र भरौट जस्ता सामाग्रीको हकमा नेपाल सरकार सँग गरेको सम्झौतामा स्थानीय कर लिन नपाउने उल्लेख रहेछ भने सोमा कर लिन पाईने छैन।

१२) कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

१३) कर शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ। नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ।

१४) यस नगरपालिकाले तोकेको स्थानमा मात्र उत्खनन् केन्द्र राखी कर असूल गर्नुपर्नेछ। सवारी आवगमनलाई अवरोध हुने गरि ढाट राख्न पाईने छैन।

१५) यस ठेक्कको अवधि सम्झौता भएको मिति देखि २०८२ साल जेष्ठ मसान्त सम्म कायम हुनेछ।

१६) बोलपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ। बोलपत्र सम्बन्धी थप बुझ्नु परेमा कार्यालयमा सम्पर्क गर्नुपर्ने छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | सामानको विवरण | उत्खनन हुने परिमाण | | | धरौटी रकम (न्यूनतम) | न्यूनतम लई अंक (भ्याट र कन्टिण्जेन्सी बाहेक) | फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| | | | बालुवा | भरौट | गिट्टी | | | |
| १ | एन.सि.बी. ७/० ८१/८२ | रंगेली नगरपालिका भित्र लोहन्द्रा खोलाको सगरदिना झोलुङ्गे पुल उत्तर दक्षिण, विन घाट, लिम्बु घाट, यादव टोल घाट बाट गिट्टी, बालुवा तथा भरौट उत्खनन् तथा बिक्रि गर्ने कार्य | २,९७,९८७.३८ क्यु.फु. | २,५७,६४७.९३ क्यु.फु. | १४,९५८.४२ क्यु.फु. | १,६८,२५०.०० | ३३,६४,९९५.०० | ३००० |
| २ | एन.सि.बी. ८/ ०८१/८२ | चिसाङ तथा डास बक्राहा खोलाको भण्डारी घाट, धन बहादुरको घर पश्चिम घाट, चौवनी घाट, संसारीमाई उत्तर घाट, करवोला घाट आमतोला, र वनकोल घाट बाट गिट्टी, बालुवा तथा भरौट उत्खनन् तथा बिक्रि गर्ने कार्य | ८४,१२४.०७ क्यु.फुट | ३,१४,८३४.९३ क्यु.फुट | - | १,००,२८१.०० | २०,०५,६२५.६४ | ३००० |

प्रमुख प्रशासकीय अधिकृत